चितवनको माडी बाट ई पेपरमा प्रकाशित हुने .........

# सरु अनलाईन ई-पेपर

सम्पर्क का लागी :
सरु अनलाईन ई-पेपर परिवार
मा न पा - ५, बसन्तपुर, माडी, चितवन
बसन्तपुर माडी चितवन
फोन नं ९८१५२७३९४४
ई-मेल : SARUONLINEEPAPER@GMAIL.COM

☼ बर्ष : १ ☼ अंक : २ ☼ २०७२ फाल्गुण २९ गते (आईतबार) ☼ (साप्ताहिक) ☼ पेज : ५ ☼

## हेलिकोप्टर जान नसकेपछि प्रधानमन्त्रीको मोबाइल सम्बोधन



प्रधानमन्त्री केपी शर्मा ओलीले बर्दियाका कृषि सहकारी सस्थाहरुलाई साना किसान विकास बैंकमा आवद्ध गराएर व्यवस्थापन हस्तान्तरण गर्ने कार्यक्रममा जान सकेनन् ।

राष्ट्रिय योजना आयोगका उपाधक्ष्य डाक्टर युवराज खतिवडा, राष्ट्रिय सहकारी संघका केन्द्रिय अध्यक्ष केशव वडालसहित बर्दियाको राजापुर तर्फ जाने क्रममा मौसमको खराबीले हलिकप्टर जान सकेन र गौतमबुद्ध विमानस्थल भैरवहामा अवतरण गराइयो । कार्यक्रममा शशरीर उपस्थित हुन नसकेर के भो, प्रधानमन्त्रीओलीले विमानस्थलमा बसेर मोबाइलबाट कार्यक्रमलाई सम्बोधन गरे ।

सहकारी अभियानले समाजका कमजोर वर्गलाई सवलिकरण गर्दै अघि बढेमा देश समृद्ध हुन धेरै समय नलाग्ने उनले बताए ।

## हासौ न एक्कै छिन

शेरे र रामे एउटा घरमा चोरी गर्न गएछन् ।रामेले सुन, पैसाहरू चोरेछ तर शेरेले १ किलो हुलास गहुँको पिठो ल्याएछ।

रामेः ओइ, सुन चाँदी छोडेर तैंले यो पिठो मात्र किन चोरेकोर ?

शेरे : मुसुक्क हाँस्दै हुलास भए अरु किन खोज्ने र?

## बलिउडका वादशाह होली खेल्न नेपाल आउने




बलिउडका चर्चित र्‍यापर तथा पाश्र्व गायक बादशाह आउँदो फागु पूर्णिमामा काठमाण्डौ आउने भएका छन् । उनले यस पटक आफ्ना फ्यानहरुसँग रङ खेल्दै उनीहरुलाई नचाउने भएका हुन् ।

नाजी इन्टरटेन्मेन्टको मुख्य आयोजना र युहान इन्टरनेशनल इभेन्टस्को सह(आयोजनामा हुने ‘बादशाह लाईभ इन नेपाल’ म्युजिक कन्सर्टमा उनी नेपाली प्रशंसक माझ प्रस्तुत हुने भएका छन् ।

‘डिजेबाले बाबु, अभि तो पार्टी सुरु हुई हे, अक्कड बक्कड बम्बे बो, आज रातका सिन बनाले’ जस्टा हिट गीतका गायक वादशाहले नेपाली दर्शकलाई नचाउने भएका छन् । उनी चैत्र ९ गते नेपाल आउन लागेको जानकारी आयोजकले दिएको छ । बिहान १० बजेदेखि बेलुका ४ सम्म ‘बादशाह लाईभ इन नेपाल’ कन्सर्ट आयोजना गरिने आयोजक नासिर हुसेनले जानकारी गराए ।

## शशांकको अभिव्यक्ति अर्थपूर्ण छ, हिसाव राख्नुस्ः प्रचण्ड




एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसका नवनिर्वाचित महामन्त्री शशांक कोइरालामाथि सार्वजनिक रुपमा प्रश्न उठाएका छन् ।

गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताका सम्बन्धमा शशांकले दिएको अभिव्यक्ति अर्थपूर्ण रहेको उनले बताए ।

शनिबार राजधानीमा भएको कार्यक्रममा एमाओवादी अध्यक्ष प्रचण्डले कांग्रेस महामन्त्री शशांक कोइरालाको नाम नलिई भने(‘संघीयता आवश्यक छैन, धर्मनिरपेक्षता आवश्यक छैन भनेर ठूलै पार्टीको एक जना निर्वाचित ठूलै नेताले भनिसक्नु भो । तपाई हिसाव गर्नुहोला ।’

कांग्रेसको महाधिवेशन अघि शशांकले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताबारे पुनर्विचार गर्नु पर्ने बताएका थिए । कांग्रेसको १३औं महाधिवेशनले शशांकलाई महान्त्रीमा निर्वाचित गरेको छ ।

उनले माओवादी पार्टीहरुबीच तत्काल एकता नगरिए पाएका उपलब्धिहरु पनि गुम्ने खतरा रहेको बताए । संविधानको कार्यान्वयन गरी थप उपलब्धि हासिल गर्नका लागि विगतका गल्ती कमजोरीको समीक्षासहित पार्टी एकता गरेर संघर्ष गर्न आवश्यक रहेको उनले बताए ।

चितवनको माडी बाट ई पेपरमा प्रकाशित हुने ......
सरु अनलाईन ई-पेपर

कार्यकारी निर्देशक :
किशोर पौडेल (९८४५६७४३६५)
सम्पादक :
जिवन रानाभाट (९८१५२७३९४४)
सल्लाहकार :
बिशाल आले मगर
अशोक परियार
हिरा आले मगर
ईमेल : saruonlineepaper@gmail.com

## सम्पादकीय :

### प्रकाशकको आग्रह

चितवन को दुर्गम क्षेत्र मानिने माडी क्षेत्रमा पनि साहित्य तथा पत्रकारीताको बिकास संगै बिभिन्न पत्र-पत्रिका, साहित्यीक पत्रिका हरु प्रकाशित हुन लागेका छन । जतिसुकै साहित्यीक पत्रिका र समाचार मुलक पत्रिका हरु प्रकाशित भए पनि युवा पुस्ताका साहित्यीक लेख रचना तथा माडीका स्थानिय समाचार हरुलाई मुख्य प्राथमिकता भने दिएको पाईएको छैन । यसको अर्थ हामिले अथवा सरु अनलाईन ले नै यो सबै गर्छ भन्ने चाँही होईन तर केहि हद सम्म चाँही युवा पुस्ता लाई नै प्राथमिकता दिनेछ । सुरुवाती चरणमा ई-पेपर र तपाई हरुको माया पछि हामी पत्रिका नै निकाल्ने जानाकारी पनि गराउन चाहान्छौ । बच्चा हरु काँचो माटो हुन तिनिहरुलाई जस्तो बनाईन्छ, उनिहरु त्यस्तै हुन्छन भने जस्तै सरु अनलाईन पनि हअिले काँचो माटो हो । यसलाई फलाउने, फुलाउने तथा हर्काउने जिम्मा म तपाईहरु माझ छोड्दछु ।

## चलचित्र 'राहादानी' को मारुनी गीत र ट्रेलर सार्बजनीक




सञ्चारकर्मी डब्बु क्षेत्रीले निर्देशन गरेको चलचित्र 'राहादानी' को मारुनी गीत र ट्रेलर सार्बजनीक भएको छ । चैत्र १२ गतेदेखी प्रर्दशनमा आउन लागेको चलचित्र 'राहादानी' लाई लक्ष्मी प्रसाद ढकालले निर्माण गरेका हुन् । दयाहाङ राई, अशोक रिजाल, रुपा खनाल, सृजना सुब्बा, विनिता घिमिरे, आयुष्मा श्रेष्ठ, अस्मिता बस्नेतको मुख्य भूमिका रहेको चलचित्रमा गरीबिका कारण मलेसियामा नेपालीले भोग्नु परेको पिडालाई देखाईएको निर्माण पक्षले बताएको छ ।

यसै गरी सार्बजनीक मारुनी गीतमा नायीका रीमा बिश्वकर्माले आइटम पस्केकी छिन् । रामशरण उप्रेतीले खिचेको सो गीतमा बसन्त सापकोटाको संगीत, नीशा देशारको स्वर, डाक्टर गोविन्द कुसुमको शब्द छ ।

## साप्ताहिक राशिफल :




मेष :काममा प्रगती हुनेछ । सामाजीक काममारूची बढ्नेछ ।
बृष :धनको हानी । कार्यमा अवरोध । विवादमा पर्ने साम्भावना ।
मिथुन : अग्नि वहानको भय हुनेछ । प्रेममा झगडा पर्नेछ ।
कर्कट : परिवारमा सुख प्राप्त हुनेछ । जमिन प्राप्त हुनेछ ।
सिंह : आलस्यता पैदा हुनेछ । बैदेशिक यात्राको योग छ ।
कन्या :साथीभाईको सहयोग हात पर्ने। नविन कार्य सफल हुने ।
तुला : व्यवसाय मध्यम हुने । जिवनमा सुख छाउनेछ ।
वृश्चिक: शारिरिक कष्ट । कडा परिश्रम गर्नुपर्ला ।
धनु : शिक्षा क्षेत्रमा सफलता मिल्नेछ । प्रेममा धोका होला ।
मकर : तिर्थ यात्रामा रूची बढ्नेछ । भोजनको अवसर मिल्नेछ ।
कुम्भ :रमाईलो दिन छ । कार्यमा बाधा आउन सक्छ ।
मिन :अशुभ कुराहरू सुन्न पर्ला । दिन राम्रो छैन ।

# मैले सुनेको,भोगेको र देखेको प्रेम



प्रेम भनेको के होरु माया भनेको के होरु प्रेम र मायाको उत्तरको पछाडि दौडियौं भने शायद यसको जवाफ भेट्न सकिदैन होला।विभिन्न युगमा विभिन्न प्रेमी र विद्वानले प्रेमको परिभाषा आ(आफ्नो तरिकाले दिएका छन्। जति प्रेमको परिभाषा बुझ्दै गयो त्यति यो प्रेमको गहिराइले हामीलाई डुबाउँदै जान्छ। मानिसहरूले भने झै प्रेम निस्स्वार्थ छ भनौ भने प्रेममा स्वार्थ पनि भेटेको छु। प्रेममा छलकपट हुँदैन भनौ भने छलकपट गर्नेको लामै लाइन देखेको छु।

हिन्दु धर्मका कथाहरूमा भगवान श्री कृष्णले राधाको प्रेममा परेर १६ हजार १ सय ७ जनालाई बिहे गरे। तर, उनले चाहेको र माया गरेको राधालाई कहिलै आफ्नो बनाउन सकेनन्। भगवान शिवकै कुरा गर्‍यौ भनेपनि शतिदेवीले शिवको लागि आफ्नो देह त्याग गरिन्। शतिदेविको पिताले शिवको बारेमा गरेको आलोचना सहन नसकेर अग्नि कुण्डमा हाम फालेर देह त्याग गरिन्। त्यसपछि भगवान शिव आफ्नी पत्नी शतिदेविको मृत शरीर बोकेर तीनवटै लोक बौलाएर हिँडेको कथा पनि सुनेकै हौ।

शेन्ट भ्यालेनटाइनले पनि प्रेमकै निम्ति आफूलाई समर्पण गरेका कारण फेब्रुअरी १४ अर्थात आजै दिन संसारभर भ्यालेनटाइन दिवस अर्थात प्रणय दिवसका रूपमा युवायुवतीले उनलाई सम्झने गरेका छन्।

प्रेमको बलि चढेको दिनलाई सम्झेर प्रेमजोडीहरूले आफ्नो माया उजागर गर्नका लागि अहिले खुलमखुला प्रेम दर्शाउन थालेका छन्। यो संसारमा धेरैले चोखो मायाको लागि ज्यान दिएका छन र लिएका पनि छन्। यो कुनै धर्म ग्रन्थ र कथा कहानी होइन। कुनै वास्तविक अवस्था पनि होर। त्यसैले त भनिन्छ प्रेममा हरेक हुरा जायज हुन्छ।

मलाई लाग्छ प्रेम सत्य हो। मानिसरूपी जिवनको मीठो भोगाइ हो प्रेम। साहित्यमा भेटिने रस हो प्रेम। तर, पनि प्रेम विभिन्न चरण र बाध्यमा परेका हुन्छन्।आमाले छोरालई गर्ने प्रेम, बुवा(छोरीको प्रेम, दाजुभाई, दिदीबहिनीको प्रेम, साथीसंगीको प्रेम र मानिस र जनावरको प्रेम। जतिपनि प्रेमलाई हामिले नियाल्ने कोशिस गरेमा हरेक कुरामा माया तथा आत्मियता भेट्छौ। त्यसैले प्रेम एक महान सत्य हो।

तर, आजकाल जुन हिसाबले प्रेममा विकृति बढेको छ म फेरि सोच्न बाध्य हुन्छु आखिर के हो त यो प्रेम भन्ने चिजरु कसैलाई मीठा कुरा भन्दैमा, गुलाफको फूल दिँदैमा हुने हो त प्रेमआज प्रणय दिवस धेरै प्रेमी प्रेमीका आजको दिन सुगम बनाउने मुडमा होलान् र हुन्छन् पनि। तर, आजको दिन सुगम हुँदैमा वा भ्यालेनटाइन डे मनाउँदैमा प्रेमको अर्थ बुझिन्छर

## सबै प्रेमिल मनहरूलाई शुभकामना

## सामाजिक संजाल बाट

**Jiban Ranabhat**
47 mins

यो देशमा रामो काम गर्न कसैले कसैलाई नदिने भए छी

**Ishwori Prasad Dube**
4 hrs

फरक प्रसङ्ग।
लाग्दैछ आफुलाई भुलेर तिमिलाई सम्झनु नै
मेरो जिवनको सबै भन्दा ठूलो कमजोरी होला।

**Endra M Dhakal**
2 hrs

माया देखाई सपना साट्नेहरु,
मन फुकाई यथार्थ ढाट्नेहरु,
स्वच्छ सम्बन्धको नाटक किन गर्छौ यहाँ,
रुख चढाई फेद काट्नेहरु ।

**Sabita Aryal**
12 hrs

जिन्दगि चलेन या त चलाउन जानिएन
आफ्नालाई पनि आफ्नो बनाउन जानिएन
बेच्नेले त आँशु पनि महङ्गैमा बेचे
आफुले त मुस्कान पनि बिकाउन जानिएन

**सङ्गित प्रेमी डिके बराइली**
8 hrs

अधुरो तस्बिरहरू मा
उज्यालो सपना हरु
सजाउन मन लाग्न थाल्यो
#सायद_यहि_हो_माया_
#कुरो

**Milan Deep**
March 10 at 9:40am

उनी सङ्ग दोस्रो भेटमा माया बस्यो।
पहिलो भेटमा उनी धनी छिन भन्ने कुरो मलाइ थाहा थिएन

# सिमरा गोल्डकपको उपाधि हेटौंडाको विजय युथलाई




बिमल रानाको ह्याट्रिकको मदतले रुपन्देही ११ लाई पराजित गर्दै हेटौंडाको विजय युथ क्लबले सातौं सिमरा गोल्डकपको उपाधि जितेको छ ।शनिबार भएको फाइलन भिडन्तमा रुपन्देहीलाई ४(० ले पराजित गर्दै हेटौडाले पहिलो सहभागितामै उपाधि उचालेको हो । उपाधिसँगै हेटौंडाले पाँच लाख ५१ हजार हात पारेको छ भने उपविजेता रुपन्देहीले दुई लाख ५० हजारमै चित्त बुझाएको छ ।सिमरा रंगशालामा भएको खेलको २१ औं मिनेटमा बिमल रानाले गोल गर्दै टिमलाई अग्रता दिलाए । सुनिल बलले प्रहार गरेको कर्नर बललाई सदुपयोग गर्दै रानाले हेड गोल गरे । त्यसअघि रुपन्देहीका गणेश खड्काले सुरुवातमै गोल गर्ने अवसर चुकाएका थिए ।दोस्रो हाफमा लय समातेको हेटौंडाले तीन गोल थप्दै फराकिलो जित आत्मसाथ गर्‍यो । लगातार दबाब सिर्जना गरेको हेटौंडाले खेलको ५८ औं मिनेटमा अग्रता दोब्बर पार्‍यो । सुनिल बिकको पासलाई सदुपयोग गर्दै बलले अग्रता दोब्बर पारेका हुन् ।त्यसको एक मिनेट बित्न नपाउँदै बिमलले ब्यक्तिगत दोस्रो टिम तथा टिमका लागि तेस्रो गोल गरे । फिनिसिङमा कमजोर देखिएको रुपन्देहीको रक्षापंक्ति सम्हालिन नसक्दा हेटौंडाका बिमल रानाले चौथो ७९ औं मिनेटमा ह्याट्रिक पुरा गरे ।बिमलको प्रतियोगितामा यो चौथो गोल हो । चार गोल गरेका बिमलले सर्वाधिक गोलकर्ताको उपाधिसहित १५ हजार नगद पाए । बिमल नै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चुनिए । उनले मोटरसाईकल प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक हेटौडाका अशोक बराल र प्रशिक्षक सुविन घिमिरे घोषित हुँदा अन्य बिधाको पुरस्कार रुपन्देहीका खेलाडीले हात पारे ।उत्कृष्ट मिडफिल्ड रुपन्देहीका शिव श्रेष्ठ, उत्कृष्ट डिफेन्स देवेन्द्र तामाङ, उत्कृष्ट फर्वाड योगेश गुरुङ घोषित भए । उनीहरुले नही १५ हजार प्राप्त गरेका छन् ।

# हाउ फन्नीको नयाँ गीत सार्वजनिक




ट्रेलर सार्वजनिक भए लगत्तै पाएको प्रसंसाबाट हौसिएको चलचित्र ‘हाउ फन्नी’ टीमले शुक्रवार साँझ नयाँ गीत सार्वजनिक गरेको छ । ‘शिरैमा सिरबन्दी’ गीतमा चलचित्रका मुख्य कलाकार प्रियंका कार्कीले अभिनय गरेकी छिन् । बसन्त सापकोटाको संगीत तथा शब्दको यो गीतमा मेलिना राईको पाश्र्व गायन छ । यो गीतमा प्रियंकालाई गाउँले परिवेशकी युवतीको रुपमा देखाइएको छ । रेनशा वान्तवा राईको कोरियोग्राफी रहेको यो गीतमा प्रियंकालाई पुराना हिट गीतहरुमा देखिएकी अभिनेत्रीहरुको शैलीमा प्रस्तुत गरिएको छ ।

तिम्रो मन त चक्कु छुरीकी रेखा थापा , उडी उडी जान्छ मनकी करिष्मा मानन्धर , गोलि शिशा कोकी दीपाश्री निरौला तथा तिर्खा लागे निरमायाकी रेखा थापाकै पहिरनको आधारमा प्रियंकाको पहिरन र नृत्य शैलीलाई तयार परिएको हो । कमेडी शैलीको को यो चलचित्र बैशाख १० देखि प्रदर्शन हुनेछ ।

मिस नेपाल सन् २००२ माल्भिका सुब्बा कार्यकारी निर्मात्री रहेको यो चलचित्रको निर्देशन निलु डोमा शेर्पाले गरेकी हुन् । चलचित्रमा दयाहाङ राई, प्रियंका कार्की, निशा अधिकारी, केकी अधिकारी, अनुप बिक्रम शाही, विजय बराल, शिशिर राणा लगायत मुख्य भूमिकामा प्रस्तुत भएका छन् ।

## हाउ फन्नीको गीत




## भद्रगोल आजबाट टेलिभिजनमा फर्किने



पछिल्लो समय दर्शकमाझ लोकप्रिय रहेको हास्य टेलिश्रृंखला भद्रगोलको प्रशारण भोलि शुक्रबारबाट सुचारु हुने भएको छ । प्रायोजक संस्था मिडिया हब आर्थिक संकटमा परेपछि करिब तीन महिनादेखि यसको प्रशारण रोकिएको थियो ।

पुरानै कथावस्तु र कलाकार टीमलाई लिएर भद्रगोल दर्शकमाझ आउन लागेको निर्देशक शंकर आचार्यले अनलाइखबरलाई बताए । आचार्यका अनुसार पहिले नै निर्माण भएर थन्किएको श्रृंखला भोलि प्रशारण गरिने छ भने त्यसपछिका एपिसोडका लागि नयाँ सुटिङ गरिनेछ ।

अचार्यले भने, ‘पहिलेको विषयवस्तु र पात्रहरुलाई दर्शकले निकै रुचाउनुभएको थियो, त्यसैलाई निरन्तरता दिने छौं ।’

पात्रहरुको फरक विशेषता र उनीहरुले बोल्ने थेगोका कारण भद्रगोल पछिल्लो समय निकै चर्चित बनेको थियो । तर विभिन्न कारणले यसको प्रशारण पटक(पटक अवरुद्ध हुँदै आएको छ । अब भने अटुटरुपमा प्रशारण हुने आचार्य बताउछन् ।

हरेक शुक्रबार राती ८ः५० बजे प्रशारण हुने भद्रगोलमा निर्देशक आचार्य लगायत, अर्जुन घिमिरे (पाँडे०, कुमार कट्टेल जिग्री, रक्षा श्रेष्ठ लगायत कलाकारले अभिनय गर्दै आएका छन् ।

### लेखक को एक गजल

तिमीहरुको रमाईलो मा अट्न सकिन म
सबै जस्ते ज्यान फाली खट्न सकिन म

तपाईले सोचे जस्तो पनि कमजोर हुदैन नाता
आफ्नै सोची त्यहा बाट हट्न सकिन म

\- किसोर पौडेल

पुनश्च : सरू साप्ताहिक ई-पेपर सम्बन्धि सुझाब सल्लाह वा बिज्ञापन दिनु परेमा हामो कार्यलय को नं. ९८४५६७४३६५ मा सम्पर्क गर्न सक्नुहुनेछ। तपाई ले दिनु भएको सुझाब सल्लाहलाई आत्मसाथ गर्दै हामी अघि बढनेछौ।

\- सरू अनलाईन ई-पेपर परिवार, माडी, चितवन